पत्रोत्तरमा प.सं.,च.नं. र मिति उल्लेखित हुन अपेक्षित छ।

दिप्रुङ चुइचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा,युवा तथा खेलकुद शाखा
याङसोलाटार, खोटाङ

कोशी प्रदेश, नेपाल

पत्र सङ्ख्या:- ०७९/०८०
चलानी नम्बर: ९५३४

मिति: २०८०/३/५

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु (सबै)
दिप्रुङ चुइचुम्मा गाउँपालिका,खोटाङ ।

**विषय:-उपस्थित भइदिने सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा यस गाउँपालिकाका सबै सामुदायिक र संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०८० को IEMIS यहि मिति २०८०/०३/१५ गते भित्र अद्यावधिक गरिसक्नु पर्ने भन्ने सूचना यस कार्यालय बाट सम्प्रेसित गरिएको व्यहोरा सबैमा अवगतै छ । IEMIS अद्यावधिक गर्दा हुने त्रुटीका कारण शिक्षा तर्फको विनियोजित ससर्त अनुदान रकममा समेत समस्या आउने भएकाले यहि मिति २०८०/०३/०८ गते शुक्रबारका दिन IEMIS सम्बन्धि छलफल कार्यक्रम गर्नुपर्ने भएकाले उक्त दिनको ठिक १० बजे नै आफ्नो विद्यालयको computer जान्ने १ जना शिक्षकलाई computer सहित यस गाउँपालिकामा अनिवार्य रुपमा उपस्थित गराउनु हुन जानकारी गराईन्छ । साथै,शिक्षा तथा मानव स्रोत विकास केन्द्रको IEMIS अद्यावधिक गर्ने पत्रको छाया कपी पनि यसै पत्र साथ संलग्न रहेको व्यहोरा सूचित गरिन्छ ।

मणिकुमार गिरी
(शिक्षा शाखा संयोजक)

शिक्षा संयोजक
दिप्रुङ चुईचुम्मा गाउँपालिका

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०७९/८०
च.नं.: ५३

मिति : २०८०।०२।१४

**विषय : IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।**

**श्री स्थानीय तह (सबै)**
**श्री विद्यालय (सबै)**

उपरोक्त सम्बन्धमा सबै प्रकार र तह ( सामुदायिक, संस्थागत र परम्परागत/धार्मिक प्रकृति) का विद्यालयहरुबाट प्रत्येक शैक्षिक सत्रको शुरु र अन्त्यमा क्रमशः Flash I र Flash II School Census अन्तर्गत विद्युतीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) मा विद्यालय शिक्षासँग सम्बन्धित तथ्यांक/सूचनाहरु Web based System मा व्यवस्थापन गरी तिनको संकलन, एकीकरण, विश्लेषण, प्रतिवेदन तयारी, प्रयोधीकरण र प्रकाशन गर्दै सोका आधारमा योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका कार्यहरु हुँदै आइरहेको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा शैक्षिक सत्र २०८० को IEMIS मिति २०८० आषाढ १५ गते भित्र सबै प्रकारका विद्यालयहरुले देहाय अनुसार अद्यावधिक गर्नु हुन र सबै स्थानीय तहहरुले सो कार्यका लागि सहजीकरण गरिदिनु हुन यस केन्द्रको मिति २०८०।०२।१४ को निर्णयानुसार अनुरोध छ ।

**विद्यालयहरुले गर्नुपर्ने कार्य**

क। विवरण भर्नु/अद्यावधिक गर्नुपूर्व यस केन्द्रको वेवसाइट (www.cehrd.gov.np को Plan and Polices > Directives) मा रहेको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सहजीकरण पुस्तिका डाउनलोड गरी अध्ययन गर्ने ।

ख। सबै प्रकार र तहका विद्यालय (Montessori/ECED देखि कक्षा १२ सम्म सञ्चालन भएका) हरुले आ-आफ्नो विद्यालयको Excel based को IEMIS अनिवार्य रुपमा अद्यावधिक गर्ने तथा नयाँ विद्यालय भए निर्धारित मिति भित्र स्थानीय तह मार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट Excel based IEMIS File प्राप्त गरी पूर्ण रुपले भर्ने।

ग। यस शैक्षिक सत्रमा पनि विद्यालयले प्रयोग गर्ने Excel Based File मा केही परिमार्जन गरिएकाले अनलाइन (iemis.cehrd.gov.np मा Log in गरी) बाट विद्यालयको Excel file डाउनलोड गर्ने र Importer मार्फत नयाँ Version मा परिवर्तन गरी विवरण अद्यावधिक गर्ने र यस अघि अपलोड गरिसकेका विद्यालयहरुले पनि पुनः नयाँ फाइल डाउनलोड गरी Importer बाट Import गरी थप विवरणहरु अद्यावधिक गरी पुनः अपलोड गर्ने ।

घ। विद्यालयको नाम (अँग्रेजीमा लेख्दाः आधारभूत विद्यालय भए नामको पछाडि Basic School र माध्यमिक विद्यालय भए नामको पछाडि Secondary School मात्र राख्ने), प्रधानाध्यापकको नाम थर र मोवाइल नम्वर, विद्यालय रहेको हालको स्थानीय तहको वडा नं, टोल, विद्यालयको इमेल ठेगाना, स्थापना मिति, बालविकास केन्द्रको संख्या (विद्यालयमा आधारित र समुदायमा आधारित) लगायत विद्यालयको प्रकार, सञ्चालित कक्षा र अनुमति/स्वीकृति मिति अद्यावधिक गर्ने र सबै विद्यालयहरुले आ आफ्नो विद्यालयको Excel based data को अद्यावधिक गरी सकेपछि अनिवार्य रुपमा IEMIS Web-portal (iemis.cehrd.gov.np) मा आफ्नो विद्यालयको User Account प्रयोग गरी Upload गर्ने ।

ङ। विद्यालयले Excel फाइलमा भएका सबै विवरण प्रधानाध्यापकको रोहवरमा यथार्थ रुपमा अद्यावधिक गर्ने, सो नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधामा फरक पर्ने भएकाले सबै विवरणहरु त्रुटिरहित तरिकाले सतर्कतापूर्वक भर्ने/अद्यावधिक गर्ने । वास्तविक विवरण नभरेको/अद्यावधिक नगरेका कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्राप्त गर्नबाट वञ्चित भएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने भएकाले यस कार्यमा प्रधानाध्यापक स्वयंले विशेष ध्यान दिने ।

च। विद्यालयको Excel को डाटावेसमा रहेको प्रधानाध्यापकको मोवाइल नम्वर अनलाइन प्रोफाइलमा उल्लेख गरेको नम्बरसँग नमिलेमा IEMIS फाइल Web portal मा अपलोड नहुने भएकाले प्रधानाध्यापकको वास्तविक नम्वर उल्लेख गर्ने ।

छ। यस प्रणालीबाट विद्यार्थी परिचयपत्र तयारी गर्न सकिने प्रावधान समावेश गरिएकाले अनिवार्य रुपमा यसै प्रणालीबाट विद्यार्थी परिचय पत्र तयार गरी वितरण गर्ने र विद्यार्थीले प्राप्त गर्ने सबै प्रकारका सुविधा प्रदान गर्दा अनिवार्य रुपमा उक्त परिचय पत्र पेश गर्नु पर्ने व्यवस्था कार्यान्वयन गर्ने ।

ज। EiE (Education in Emergency) button मा कोभिडको समयमा भएको शैक्षिक क्षतिको परिपुरणका लागि विद्यालयले गरेका कार्यहरुको विवरण अनिवार्य रुपमा भर्नु हुन र यस Button मा बाढी/पहिरो, हावा हुरी, भुकम्प जस्ता प्राकृतिक प्रकोपबाट भएको शैक्षिक क्षति सम्बन्धी विवरण भर्ने स्थानहरु भएकाले यदि उपर्युक्त कारणबाट विद्यालयमा कुनै क्षति भएमा तत्काल Excel File मा विवरण भरी अनलाइनमा अपलोड गर्ने ।

झ। अनलाइनबाट विद्यालयको Report Card डाउनलोड गरेर प्रिन्ट गरी उक्त Report मा प्राप्त विवरण अभिभावकलाई जानकारी गराउने, सामाजिक परीक्षण समितिलाई उपलब्ध गराउने र सोको प्रतिलिपी सामाजिक प्रतिवेदनको अनुसूचिको रुपमा समावेश गरी स्थानीय तहमा पेश गर्ने ।

ञ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन लिइ सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (Technical Education in Community School- TECS) सञ्चालन गरिरहेका सामुदायिक माध्यमिक विद्यालयहरुले उक्त कार्यक्रम अन्तर्गत (Pre- diploma/Diploma) अध्ययनरत विद्यार्थीको विवरण पनि यस प्रणालीमा प्रविष्ट गर्ने ।

ट। गतवर्ष विवरण अद्यावधिक गर्न छुट भएका विद्यालयहरुले शैक्षिक सत्र २०७८ देखि नै विवरण अद्यावधिक गर्ने ।

ठ। यस शैक्षिक बर्षको IEMIS मा थप गरिएका ECD का बालबालिकाहरुको बसाइ व्यवस्थापन र ६ वटा सिकाइ क्षेत्र, विद्यालय स्वच्छता तथा सरसफाई (Water, Sanitation and Hygiene-WASH), सेनेटरी प्याड व्यवस्थापन, सूचना प्रविधि प्रयोगशाला लगायतका विषयहरु थप गरिएकाले उक्त विवरणहरु अनिवार्य रुपमा भर्ने ।

ड। कक्षा २ वा सो भन्दा माथिल्लो कक्षामा नयाँ भर्ना हुन आउने विद्यार्थीको अघिल्लो विद्यालयबाट रजिष्ट्रेशन नम्बर ल्याउन लगाइ विद्यार्थीको Button को Add मा रहेको Registration मा प्रविष्ट गर्ने ।

**स्थानीय तहका लागि अनुरोध**

क। शैक्षिक सत्र २०८० देखि नयाँ अनुमति प्राप्त गर्ने विद्यालयहरुको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट IEMIS कोड प्राप्त गरी अनुमति पत्रमा सो कोड समेत उल्लेख गरी दिने व्यवस्था गर्नु हुन ।

ख। विद्यालयबाट भरिएको सम्पूर्ण विवरण विशेष गरी भौतिक अवस्था सम्बन्धी विवरण (भवन, कक्षाकोठा, शौचालय), पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, लगायतका विवरण सही रुपले भरेको/अद्यावधिक गरे नगरेको बारेमा विशेष ध्यान दिनु हुन ।

ग। आगामी आर्थिक वर्षमा शिक्षक दरबन्दी पुनरावलोकन सम्बन्धी कार्य समेत गरिने भएकाले शिक्षक सम्बन्धी विवरण (स्वीकृत दरबन्दी, राहत अनुदान, स्थायी/अस्थायी, स्थानीय तह/प्रदेशबाट अनुदान प्राप्त गर्ने, शिक्षण सहयोग अनुदान प्राप्त गर्ने र निजीस्रोत लगायत नियुक्ति भएको मिति र विषय आदि खुल्ने गरी) लाई पूर्ण रुपमा अद्यावधिक गर्न लगाउनु हुन।

घ। स्थानीय तहको प्रयोगकर्ताको अफिसियल इमेल प्रयोग नभएको भए अफिसियल इमेल खोली सो इमेल र आधिकारिक प्रयोगकर्ताको विवरण यस केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखा (iemis@cehrd.gov.np) मा उपलब्ध गराउनु हुन।

ङ। यस शैक्षिक सत्रमा बन्द वा समायोजन भएका विद्यालयको विवरण स्थानीय तहको User Account बाट अद्यावधिक गर्नु हुनका साथै समायोजन/बन्द भएका विद्यालयहरुको सो सम्बन्धमा भएको निर्णयको विवरण समेत उल्लेख गरिदिनु हुन ।

च। **सामाजिक परीक्षण** र आर्थिक परीक्षण गरेको, विद्यालय सुधार योजना बनेको/अद्यावधिक भएको, विद्यालय व्यवस्थाप समिति र शिक्षक अभिभावक संघ गठन मिति लगायतका सबै विवरणहरु अनिवार्यरुपमा अध्यावधिक गर्न विद्यालयहरुलाई सूचित गरिदिनु हुन ।

छ। स्थानीय तहभित्र कक्षा ११-१२ मात्र सञ्चालन गरिरहेका विद्यालयहरुको पनि अनिवार्य रुपमा विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुन ।

२०८०।०२।१४

रामचन्द्र शर्मा
निर्देशक

**बोधार्थ**

श्री सामाजिक विकास मन्त्रालय
(सबै प्रदेश): आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै): आवश्यक समन्वय र सहजीकरण गर्नु हुन ।